# मर्मत सम्भार कोष व्यवस्थापन कार्यविधि, २०७५

**प्रस्तावना**

प्यूठान नगरपालिका भित्र नयाँ बाटो निर्माण गर्दा ४ लाख भन्दा बढी लागत भएका आयोजनाहरुको १० प्रतिशत रकम कट्टी गरी कोषमा राख्ने तथा सो रकमलाई व्यवस्थित रुपमा खर्च गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित) गर्ने ऐन, २०७४ बमोजिम मर्मत संभार कोष व्यवस्थापन कार्यविधि लागु गरिएको छ ।

**भाग १**

**संक्षिप्त नाम र प्रारम्भ**

(क) यस कार्यविधिको नाम मर्मत संभार कोष व्यवस्थापन कार्यविधि हुनेछ ।

(ख) यो कार्यविधि प्यूठान नगर कार्यपालिकाले पारित गरेको मिति देखि लागू हुनेछ ।

**परिभाषा :**

विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

१. “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ र नगरपालिकाको प्रशासकीय कार्यविधि ( नियमित गर्ने ) ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

२. “आर्थिक नियम” भन्नाले सार्वजनिक खरिद ऐन, नियमावली तथा अन्य प्रचलित नगरपालिकाको आर्थिक कार्यप्रणाली संचालन गर्ने कानून सम्झनु पर्दछ ।

३. “नगरपालिका” भन्नाले प्यूठान नगरपालिकालाई सम्झनु पर्दछ ।

४. “नगर प्रमुख” भन्नाले प्यूठान नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

५. “समिति” भन्नाले मर्मत सम्भार कोष व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

६. “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले प्यूठान नगरपालिकाको कार्यालयमा कार्यरत ऐनको दफा ८४ बमोजिमको अधिकारीलाई सम्झनु पर्दछ ।

## कार्यविधिको उद्धेश्य :

यस कार्यबिधिको उद्धेश्य प्यूठान नगरपालिका भित्र बनेका ४ लाख भन्दा बढी लागत भएका सडकहरुको मर्मत सम्भार कोषमा १० प्रतिशत कट्टी गरिएको रकमको उपयोगमा नगर क्षेत्रभित्र एकरुपता ल्याउनु रहेको छ ।

## भाग-२

## मर्मत संम्भार कोष व्यवस्थापन समिति

मर्मत सम्भार कोषको व्यवस्थापन, निर्देशन, अनुगमन, मूल्याङ्कनको लागि देहाय बमोजिमको समिति रहनेछ ।

| | |
|---|---|
| (क) नगर प्रमुख | - संयोजक |
| (ख) नगर उप प्रमुख | - सदस्य |
| (ग) सम्बन्धित वडाध्यक्ष | - सदस्य |
| (घ) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ङ) आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| (च) योजना शाखा प्रमुख | - सदस्य |
| (च) पूर्वाधार विकास शाखा प्रमुख | - सदस्य सचिव |

**२.१** समितिले आफ्नो कार्यविधि आफै तय गर्न सक्नेछ ।

**२.२** समितिको नियमित बैठकमा सम्बन्धित कुनै पदाधिकारी वा संस्थाको प्रतिनिधिलाई आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ ।

**२.३** सडकको मर्मत सम्भार गर्नुपर्ने आवश्यकता पहिचान तथा मर्मत सम्भारको सिफारिस सम्बन्धित वडाले नगरपालिकामा दिनु पर्नेछ ।

**२.४** नगरपालिकामा निवेदन दर्ता भएपछि प्रमुख प्रशासकीय अधिकृतले प्राविधिकलाई खटाई मर्मत सम्भार गर्नुपर्ने सडकको लागत अनुमान गर्न लगाउनुपर्नेछ ।

**२.५** प्राविधिकबाट लागत अनुमान प्राप्त भएपछि मर्मत सम्भार कोष व्यवस्थापन समितिको बैठकबाट निर्णय गराई मर्मत गर्ने आदेश प्रमुख प्रशासकीय अधिकृतले दिनुपर्नेछ ।

**२.६** एक वडाको मर्मत सम्भार कोषको रकम अर्को वडाको सडक मर्मत सम्भारमा रकमान्तर गरिने छैन । तर सम्बन्धित वडाको रकम आवश्यकता अनुसार वडाभित्र मर्मत सम्भारमा खर्च गर्न सकिनेछ ।

२.७ वडा भित्रको बाटो सामान्य मर्मत सम्भार गर्न साउन, भाद्र, असोज ३ महिनाको लागि २ जना सम्म लेन्थ वर्करलाई आंशिक रुपमा कामकाज गर्ने गरी मासिक रु. ५०००। मा कामकाजमा लगाउन सकिनेछ । यसरी लेन्थ वर्करमा काम गर्ने व्यक्ति १८ वर्ष भन्दा बढी उमेरको ५० वर्ष ननाघेको हुनपर्नेछ । यस्ता लेन्थ वर्करको छनौट आर्थिक रुपमा विपन्न, दलित, एकल महिला, द्वन्द्व प्रभावित र सम्बन्धित सडकको नजिक बसोबास भएको लाई प्राथमिकता दिई छनौट गर्नु पर्नेछ ।

२.८ नम्बर बमोजिम भर्ना गरिने लेन्थ वर्कर वडाले छनौट गरी भर्ना गरिनेछ । प्राविधिकहरुबाट लेन्थ वर्करको कामको मूल्याङ्कन गराई भुक्तानी गरिनेछ ।

२.९ कार्यसम्पन्न पश्चात प्राविधिक मूल्याङ्कन र वडाको सिफारिसको आधारमा सम्बन्धित पक्षलाई भुक्तानी गरिनेछ । रु.२५ हजार सम्मको मर्मत कार्य गर्दा प्राविधिक लागत अनुमान र मूल्याङ्कन आवश्यक पर्ने छैन । डोर हाजिरी र बील भरपाईको आधारमा भुक्तानी गरिनेछ ।

२.१० रु. १ लाख भन्दा माथिको मर्मत सम्भार गर्नु भन्दा अगाडी मर्मत सम्भार कोष व्यवस्थापन समितिको निर्णय र प्राविधिक लागत अनुमानको आधारमा मात्र मर्मत आदेश गरिनेछ ।

२.११ मर्मत सम्भार कोषको रकमबाट नियमित, आवधिक र बृहत मर्मत मात्र गर्नु पर्नेछ । सडकको चौडाई बिस्तार, नयाँ सडक खोल्न र ठूला संरचना निर्माण (कल्र्वट, पुल, पुलेसा निर्माण) गर्न पाईने छैन ।

२.१२ मर्मत सम्भार कोषको प्रयोगबाट ट्रयाक खुलेर नियमित तथा साप्ताहिक रुपमा यातायातका साधन चल्ने सडकमा मात्र लागु हुनेछ ।

२.१३ मर्मत सम्भार कोषको रकमबाट गरिने काममा जनसहभागिताको अंश समावेश गरिने छैन ।

## भाग ३- विविध

३.१ यस कार्यविधिमा उल्लेखित प्रावधानहरुमा छुट हुन गई कुनै विषयवस्तु थपघट गर्न वा हटाउन वा परिमार्जन गर्न परेमा सम्बन्धित ऐन नियमको परिधिभित्र रही नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

३.२ यस कार्यविधिमा उल्लेखित गरिएका प्रावधानहरुका हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएका विषयवस्तुका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

३.३ यस कार्यविधिमा लेखिएका प्रावधानहरु प्रचलित कानूनसँग बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।